शंकर प्रसाद गुप्ता
सिनियर डिभिजनल वन अधिकृत

फोन नं. ०८१-५३०२३०
ईमेलः bankedfo123@gmail.com

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

नेपालगंज, नेपाल

## काठ/दाउरा कटानमुछान र सङ्कलनको शिलबन्दी बोलपत्र पेश गर्ने सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/१०/१३ गते मंगलबार**

यस कार्यालय अन्तर्गत तपसिल अनुसारको शमशेरगंज सब डिभिजन बन कार्यालय मातहत रहेको शमशेरगंज-माथेबास सरकारद्धारा व्यवस्थित (चक्ला) वन र सिक्टा सब डिभिजन बन कार्यालय मातहत रहेको भुवरभवानी सरकारद्धारा व्यवस्थित (चक्ला) वन र रास्ट्रिय बन क्षेत्रबाट स्वीकृत बन कार्य योजना अनुसार आ.ब.२०८२/०८३ मा पुनरोत्पादन कटान, सुखद खाडा, ढलापडा रूखहरूमा छपान भएका देहायको परिमाणको गोलिया काठ/दाउरा (परिमाण घटबढ हुन सक्ने) घटाघटमा कटानमुछान र सङ्कलन गरी घाटगद्धी गर्नुपर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही सार्वजनिक खरीद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भई नविकरण भएका ईच्छुक काष्ठ व्यवसायी, व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र बोलपत्र (दरभाउपत्र) खरीद गरी ३१ औं दिनको मध्यान्ह २:०० बजेभित्र गोप्य शिलबन्दी बोलपत्र (दरभाउपत्र) दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

- बोलपत्र फारामको मूल्यः रु. २,०००/- (रु. १० लाखदेखि माथी लागत भएको)
- बोलपत्र फारामको मूल्यः रु. १,०००/- (रु. १० लाख भन्दा कम लागत भएको)
- बोलपत्र (दरभाउपत्र) खरीद गर्ने अन्तिम मिति र समयः २०८२/११/१३ गते कार्यालय समय सम्म।
- बोलपत्र (दरभाउपत्र) दर्ता गर्ने अन्तिम मिति र समयः २०८२/११/१४ गते अपरान्ह ३:०० बजे सम्म।

**तपसिल**

| लट न. | सब डिभिजन | बन क्षेत्र | प्लटको नाम | रुख संख्या | अनुमानित परिमाण (घ.फि.) | अनुमानित दाउरा (चट्टा) | जम्मा लागत मू.अ.क. बाहेक रकम | घाटगद्दी स्थल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शमशेरगंज | शमशेरगंज-माथेबास चक्ला वन | C1S2 | ३४१ | ११,७३९.३० | २०.१४ | १,८५०,३४५.८३ | शम्शेरगंज, ओभरी,बाँके | |
| २ | शमशेरगंज | शमशेरगंज-माथेबास चक्ला वन | C2S2 | ३६० | १०,१८६.९७ | २१.२२ | १,६४८,२६४.५६ | शम्शेरगंज, ओभरी,बाँके | |
| ३ | शमशेरगंज | शमशेरगंज-माथेबास चक्ला वन | C3S1 | २७८ | ७,४१५.७४ | १६.३३ | १,२०९,९२८.६९ | शम्शेरगंज, ओभरी,बाँके | |
| ४ | शमशेरगंज | शमशेरगंज-माथेबास चक्ला वन | C4S6 | ३४९ | ११,०७३.०२ | २०.९३ | १,८२६,५२२.६४ | शम्शेरगंज, ओभरी,बाँके | |
| ५ | शमशेरगंज | शमशेरगंज-माथेबास चक्ला वन | C5S2 | ४१४ | १९,६१४.५९ | ३५.६६ | ३,११२,५१३.८८ | माथेबास, बाँके | |
| ६ | शमशेरगंज | शमशेरगंज-माथेबास चक्ला वन | C6S2 | ३८० | १६,११४.९९ | २६.३८ | २,५२९,०६९.१२ | माथेबास, बाँके | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | शमशेरगंज | शमशेरगंज-माथेबास चक्ला वन | C7S1 | ३८९ | १४,४४५.६४ | २२.९२ | २,२५५,७३१.३८ | माथेबास, बाँकि | |
| ८ | सिक्टा | भुवर भवानी चक्ला वन | C1[illegible] | [illegible] | १३,७०८.२४ | ३३.८५ | २,३४४,२६५.६४ | बैसा,सिक्टा, बाँकि | |
| ९ | सिक्टा | भुवर भवानी चक्ला वन | C3S1 | ३४० | ७,८८३.४३ | २८.६७ | १,४५२,७९२.८३ | बैसा,सिक्टा, बाँकि | |
| १० | सिक्टा | खर्चे राष्ट्रिय बन | खर्चे राष्ट्रिय बन | ३७ | ७६७.१९ | ०.३६ | १२०,१५९.२८ | बैसा,सिक्टा, बाँकि | |
| | | | | ३२२१ | ११२,९४९.१० | २२६.४६ | १८,३४९,५९३.८६ | | |

शंकर प्रसाद गुप्ता
वन अधिकृत

## शर्तहरु

१. नेपाली नागरिकताको प्रमाण पत्र, आयकर र मूल्य अभिवृद्धि करको प्रमाणपत्र, फर्मको नविकरण भएको पत्र, आ.व. ०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी पछि फिर्ता नहुने गरी रु. लट अनुसार २,०००।- वा रु. १,०००।- राजश्व नगदै बुझाई यस कार्यालय वा वन निर्देशनालय, बुटवल, रुपन्देहीबाट बोलपत्र (दरभाउपत्र) खरीद गर्न सकिने छ।

२. बोलपत्र (दरभाउपत्र) दाताले आफ्नो फर्म कालोसूचीमा नपरेको स्वयं लिखित रुपमा घोषणा गरी बोलपत्र (दरभाउपत्र) साथ पेश गर्नुपर्नेछ। उक्त फर्म कालोसूचीमा परेको पाइएमा सो फर्मको बोलपत्र (दरभाउपत्र) स्वीकृत भएमा पनि जुनसुकै बेला पनि बदर गर्न सकिनेछ।

३. बोलपत्र (दरभाउपत्र) दाताले आफूले कबुल गरेको अङ्कको बोलपत्र साथ ३% रकम प्रदेश सरकार, लुम्बिनी प्रदेश अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेको (एकल कोष खाता) राष्ट्रिय बाणिज्य बैङ्क, नेपालगंज शाखामा रहेको धरौटी हिसाब नं. ४१३०१००२०२०३०००० (ख-२-३) कार्यालय कोड नं. ३२९०१५७०१५ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर पेश गर्नु पर्नेछ वा बैङ्कले जारी गरेको नियमानुसारको बिड-बण्ड (जमानत पत्र) पेश गर्नुपर्नेछ। उक्त जमानतको मान्य अवधि सूचनामा तोकिएको अन्तिम मितिबाट लागु हुने गरी कम्तिमा ६ महिनाको म्याद भएको हुनु पर्नेछ। साथै धरौटी स्वरुप नगद, चेक, ड्राफ्टलाई मान्यता दिइने छैन।

४. स्वीकृत भएको बोलपत्र (दरभाउपत्र) दाताले नियमानुसार थप ५% रकम प्रदेश सरकार, लुम्बिनी प्रदेश अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय बाँकेको (एकल कोष खाता) राष्ट्रिय बाणिज्य बैङ्क, नेपालगंज शाखामा रहेको धरौटी हिसाब नं. ४१३०१००२०२०३०००० (ख-२-३) कार्यालय कोड नं. ३२९०१५७०१५ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर पेश गर्नु पर्नेछ वा ठेक्का रकमको ५% बराबर रकमको बैङ्कबाट यस कार्यालयको नाममा जारी गरेको परफरमेन्स बण्ड यस कार्यालयमा पेश गरेपछि मात्र कबुलियतनामा गराई ठेक्का बन्दोबस्त पट्टा दिइनेछ। उक्त परफरमेन्स बण्ड १ वर्षको हुनुपर्नेछ।

५. बैङ्क बिडबण्ड (जमानत पत्र) र नगद रकम एकै साथ राखी पेश भएको बोलपत्र (दरभाउपत्र) लाई मान्यता दिइनेछैन।

६. स्वीकृत भएको बोलपत्र (दरभाउपत्र) दाताले ठेक्कापट्टा नउठाए सम्म अन्य बोलपत्र (दरभाउपत्र) दाताले राखेको धरौटी वापतको रकम फिर्ता हुने छैन।

७. बोलपत्र (दरभाउपत्र) बिक्री वितरण हुने अन्तिम मिति र दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनमा सूचनामा तोकिएको समय सम्म बिक्री तथा दाखिला गरिनेछ।

८. बोलपत्र डिभिजन वन कार्यालय, बाँकेमा वा वन निर्देशनालय, बुटवल, रुपन्देहीमा दर्ता गराउनु पर्नेछ।

९. बोलपत्र (दरभाउपत्र) भरी पेश गर्दा अङ्क र अक्षर दुवैमा फरक नपर्ने गरी मूल्य स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा उक्त ठाउँमा बोलपत्र (दरभाउपत्र) दाताको हस्ताक्षर भएको हुनुपर्नेछ।

१०. बोलपत्र खोलिने समयमा बोलपत्र (दरभाउपत्र) दाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्नेछ। उपस्थित नभएमा पनि बोलपत्र (दरभाउपत्र) खोल्न बाधा पुग्नेछैन।

११. यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र (दरभाउपत्र) फारममा नै विवरण भरी पेश गर्नुपर्ने छ। अन्य कागजमा भरी पेश गरेको बोलपत्र (दरभाउपत्र) मान्य हुने छैन।

१२. स्वीकृत बोलपत्र (दरभाउपत्र) दाताले रुख काटने, गिण्डा मुछान गर्ने, यार्डिङ्ग गर्ने, बोक्रा हटाउने, लोडिङ्ग गर्ने, ढुवानी गर्ने,, ढुवानी गरी घाटगद्दीमा ल्याई अनलोडिङ्ग गरी पाइलिङ्ग गर्ने, गोलिया नम्बरिङ्ग र ग्रेडिङ्ग गर्ने र दाउरा कटानमुछान, यार्डिङ्ग, लोडिङ्ग गराई ढुवानी गरी घाटगद्दीमा ल्याई अनलोड गरी २०'X५'X५' साइजको चट्टा निर्माण गर्ने कार्य अनिवार्य रुपमा गर्नुपर्नेछ।

१३. एक फर्मको नाममा खरीद भएको बोलपत्र (दरभाउपत्र) अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

१४. आर्थिक ऐन नियम विपरित रीत नपुगेको र कुनै शर्त तथा कैफियत राखी पेश गरेको बोलपत्र (दरभाउपत्र) मान्य हुने छैन।

१५. यस कार्यालयमा बाँकी बक्यौता रकम रहेको वा पेश्की फछ्र्यौट नगरेको व्यक्तिको फर्मलाई बोलपत्र (दरभाउपत्र) फारम उपलब्ध गराइने छैन।

१६. काठ दाउरा कटान सङ्कलन गर्न लिएको पेश्की रकम जेष्ठ मसान्त भित्र फछ्यौट गर्नु पर्नेछ।

१७. आयकर र मूल्य अभिवृद्धी करको हकमा नियमानुसार हुनेछ।

१८. बोलपत्र (दरभाउपत्र) मा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।

१९. बोलपत्र (दरभाउपत्र) पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

२०. कृत्रिम प्रतिस्पर्धा हुने गरी आपसमा मिली बोलपत्र (दरभाउपत्र) दर्ता हुन आएमा यसरी मिलेमतो गरेको बोलपत्र (दरभाउपत्र) रद्द गरिनेछ।

२१. बोलपत्र (दरभाउपत्र) स्वीकृतवाला ठेकेदारले म्याद भित्र सम्झौता गर्न नआएमा राखेको धरौटी रकम नियमानुसार जफत हुनेछ।

२२. म्याद नाघी प्राप्त एवं रीत नपुगी प्राप्त हुन आएका बोलपत्र (दरभाउपत्र) उपर कुनै कार्वाही गरिने छैन।

२३. यस सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु आर्थिक कार्यविधी ऐन, २०५५, आर्थिक कार्यविधी नियमावली, २०६४, सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ र अन्य सम्बन्धित ऐन नियमावली तथा माथि उल्लेखित शर्तहरुको अधिनमा रही गरिनेछ।

२४. काठ/दाउरा कटान सम्बन्धि कार्य गर्दा परिचालित कामदारको तिनपुस्ते विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ साथै कटान कार्यमा परिचालित कामदारको जिवन सुरक्षाको जिम्मेवारी प्लट कटान गर्ने ठेकेदारको नै हुनेछ।

२५. रुख छपान, ब्लेज काटने, नम्बरिङ्ग गर्ने,, टाँचा लगाउने, ब्यास नाप्ने, अभिलेख उतार्ने र मूल्याङ्कन गर्ने, छपान कटान तथा ग्रेडिङ्ग कार्यमा लगायतका कार्यमा खटिएका कर्मचारीहरुलाई नियमानुसार भुक्तानी दिनुपर्नेछ।

२६. काठ/दाउरा कटान सङ्कलन सम्बन्धी अन्य कुराको जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

२७. काठ दाउरा कटानको कार्य समाप्त भई वन निर्देशनालय, बुटवल, रुपन्देहीबाट प्लट क्लियरेन्स प्राप्त भए पश्चात काठ/दाउरा कटानमुछान तथा सङ्कलन कार्य वापतको अन्तिम भूक्तानी उपलब्ध गराईनेछ।

२८. यस सूचनामा नखुलेका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।